जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक १८८ | २०७६ साल फागुन १३ गते मंगलबार (25 Feb. 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मौखिक वा विद्युतिय माध्यमबाट कसूरको सूचना दिन सकिने,
- पक्राउ गर्नु अघि मुद्दा हेर्ने अधिकारीबाट पक्राउ पूर्जी जारि गर्नु पर्ने,
- सरकार वादी हुने फौजदारी कसूर सम्बन्धमा मुद्दा नचलाउने निर्णय गरिएमा जाहेरवाला वा पीडितलाई सूचना दिनु पर्ने,
- अभियुक्तले कसूर स्वीकार नगरेको अवस्थामा मुद्दामा ठहर गर्नु कुरा यकिन गर्न अदालतले वादी प्रतिवादीबीच छलफल गगराउन सक्ने,
- अदालतको अधिकारक्षेत्र र हदम्याद सम्बन्धी विषयमा पहिले निर्णय गर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : शहिद स्तम्भ र अधुरो ... ३ पृष्ठमा : आत्मनिर्भरताको सवाल र ... ३ पृष्ठमा : अमेरिकी राष्ट्रपति ...

# एकै रात आधा दर्जन घरमा चोरी

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

सप्तरीको बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीमा आइतबारराती आधा दर्जन घरमा चोरी भएको छ ।

गाउँका सबै सुतिसकेको मौका छोपी मध्यरातमा आएका अज्ञात समूहले स्थानीय अमृतलाल यादव, रुपलाल यादव, इन्द्रदेव यादव, मनिकलाल साह, कारी यादव लगायतको घरबाट सो धनमाल चोरी गरेका हुन् । अज्ञात समूहले घरको ढोका फुटाएर २२ हजार नगदसहित सुन, चाँदीका गरगहना गरि २ लाख २२ हजारको सम्पत्ति चोरी गरेको पीडित मध्येका एक कारी यादवले बताएका छन् ।

राती करिब १० बजेतिर सुतेको र बिहान उठ्दा ढोका र दराज फुटाएर सो परिमाणको चोरी भएको थाहा पाएको उनले बताए ।

यता सो ममूहले स्थानीयहरुको घरबाट नगद, गरगहना, भाडाकुडा, मोवाइल लगायतको करिब २० लाख मुल्य बराबरको धनमाल चोरेर लगेको स्थानीयबासी अशोक कुमार यादवले जानकारी दिएका छन् ।

गाउँलेहरु राती सुतिसकेका बेला आएका चोरहरुले नगद, गरगहना लगायतको समान राखिएको बक्सा दराज घरबाट खेतमा पुर्‍याएर चोरी गरेको उनको भनाई छ ।

यता घटना बारे थाहा पाएपछि स्थानीयहरुले प्रहरीमा खबर गरेको तर प्रहरी २ घण्टासम्म पनि घटनास्थल नपुगेको भन्दै स्थानीयहरु आक्रोशित बनेका छन् ।

पीडितहरुले २० लाख भन्दा बढीको धनमाल चोरी भएको बताइरहँदा इलाका प्रहरी कार्यालय कडोरबोनाका प्रहरी निरिक्षक रामराजा केसरीले भने चोरी भएको सम्पत्ति विवरण बारे विवरण संकलन कार्य भइरहेको उनले यकिन रकम तत्कालै भन्न नसकिने बताए ।

उनले चोरी घटना बारे जानकारी प्राप्त भएको र चोरको खोजतलासी कार्य सुरु गरेको बताएका छन् ।

# भन्सार छलेर ल्याउँदै गरेको पाँच लाख मुल्यको कुखुराको चल्ला बरामद

**दैनिक समाचारदाता**
**महोत्तरी, १२ फागुन ।**

महोत्तरीको मटिहानी नगरपालिका ८ बाट पहरीले भन्सार छलेर ल्याउँदै गरेको पाँच लाख मुल्य बराबरको कुखुराको चल्ला बरामद गरेको छ ।

मटिहानी नगरपालिका ८ स्थित नेपाल भारत सीमा नजिकैबाट प्रहरीले ज १ च ७४८ नम्बरको सानो पिकअपमा १४ हजार चल्ला बरामद गरेको हो ।

सो पिकअपमा नेपाली कार्टुनभित्र भारतीय चल्ला फेला पारेका छन् । चल्ला रहेका सबै कार्टुनमा नेशनल पोल्ट्री फार्म भरतपुर २४ नेपाल लेखिएको तथा ती चल्लाहरु भारतबाट तस्करी भई आएका प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार तस्करहरुले नेपालबाट खाली कार्टुन भारत लैजाने गरेका र भारतबाट नेपाली कार्टुनमा चल्ला तस्करी गरी नेपाल पठाउने गरेको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### बाल अधिकारको सुनिश्चित्ता कहिले !

सरकारले बालअधिकारको बारे धेरै सुनिश्चितता गरे पनि अहिलेसम्म त्यसको कार्यान्वयन हुन सकेको छैन् । तीनै तहका सरकारले बालबालिकाको अधिकार बारे छुट्टै व्यवस्था गरे पनि स्थानिय सरकारले त्यस्तो कुनै व्यवस्था मिलाउनु सकेका छैनन् । बालबालिका भोलिका कर्णाधार हुन्, उनीहरु भविष्य हुन् भन्ने सबैलाई थाहा छ । तर, बालबालिकाको अवस्था बारे सम्बन्धीत निकाय हालसम्म गम्भिर भएको देखिदैन । सडकमा फोहर उठाउने, राहत माग्ने लगायतका कामहरु गर्दै आएका ती बालबालिकाहरुप्रति सरोकारवाला निकाय छैनन् ।

बालबालिकाको क्षेत्रमा काम गर्ने धेरै संघ-संस्था पनि छन् । तर, देखिएका सडक बालबालिकाहरुप्रति कसैको ध्यान जान सकेको छैन् । खान, लागाउने समयमा तथा शिक्षा आर्जन गर्ने बेला जहाँ पायो, त्यहीं सुत्ने, टिपेर खाने र फोहोर छुने क्रियाकलापका कारण उनीहरुको स्वास्थ्यमा पनि प्रतिकुल असर पर्दै गएको छ ।

तसर्थ भविष्यका कर्णाधार मानिने बालबालिकाहरुको भविष्यलाई सुधार गर्न सम्बन्धीत निकाय गम्भिर हुनुपर्दछ । उनीहरुको शिक्षा दिक्षासँगै उचित भरण पोषणको व्यवस्था गर्नेतर्फ स्थानीय सरकार तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने आवश्यक छ ।

# शहिद स्तम्भ र अधुरो निर्माणको पर्खाई



**अमरनाथ मण्डल**

महान मधेश आन्दोलन मधेश आन्दोलनमा सहादत दिएका शहिदहरुको सम्मानको लागि शहिद स्तम्भ निर्माण गर्ने प्रदेश सरकारको निर्णय अनुसार गत वर्ष विनियोजित भएको बजेट मार्फत राजविराज नगरपालिका वडा नं. ९ मलेठ स्थित जोलहरी चौकमा निर्माण भइरहेको शहिद स्तम्भ पारम्भिक कार्यहरु सम्पन्न भएका तथा निर्माणको ७५ प्रतिशत कार्य बाँकी रहेको छ ।

मधेश विद्रोहको स्वरुप अनुसार इतिहासकै सबभन्दा लामो तथा संघर्षशील आन्दोलन मधेश आन्दोलन उचाईमा पुगेको बेला वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली हटको कारण तत्कालिन नेकपा एमालेको नेतृत्वमा जनचेतना जगाउने अभियानको नेतृत्व केपी शर्मा ओलीले गरेपछि सप्तरीको सदरमुकाम राजविराजमा पनि अभियानको ऱ्याली साथ आउने कार्यक्रम तय गरेपछि त्यसबेलाका मधेशी मोर्चाले केपी ओलीको सप्तरी बहिष्कार गर्ने निति अवधारणा साथ विभिन्न किसिमका विरोधका कार्यक्रम अन्तरगत ओलीको कार्यक्रममा कालो झण्डा देखाउने क्रममा मलेठ स्थित औद्यौगिक क्षेत्र नजिक सरकारी सामदण्डको प्रयोग गरी ६ जना आन्दोलनकारीलाई निर्ममतापूर्वक हत्या गरेको तथ्यहरु आफ्नै ठाउँमा छ ।

महान मधेशी मधेश आन्दोलनमा शहादत दिएका ६ जनाको सम्मान र स्मरणमा प्रदेश सरकार मन्त्री स्तरीय निर्णय अनुसार शहिद स्तम्भ बनाउने निर्णय भएको छ । प्रदेशका भौतिक तथा पूर्वाधार मन्त्री जितेन्द्र सोनलको सक्रियताले गर्दा स्तम्भको निर्माण कार्य स्थानीय समाजसेवी, युवा नेता रामचन्द्र यादवको अध्यक्षतामा गठित उपभोक्ता समिति तथा राजविराज नगरपालिका वडा नं. ९ का वडाध्यक्ष शम्भु प्रसाद यादव लालीको सक्रियताले गर्दा स्तम्भको निर्माणकारण शुरु भएको थियो । तर आर्थिक परिस्थितिले गर्दा आर्थिक बजेटको कम मापदण्ड भएको कारणले गर्दा स्तम्भको निर्माण कार्य अधुरो रहेको थियो ।

अधुरो शहिद स्तम्भको पुनरनिर्माणको लागि यसपाली प्रदेश सरकारले २० लाख बजेट पुन: विनियोजित गरी स्तम्भ निर्माणको लागि रकम निकाशा गरिसकेका छन् । राजविराज नगरपालिकाका वडा नं. ९ का वडा अध्यक्ष शम्भु प्रसाद यादवले कानूनी प्रक्रिया बनाई उपभोक्ता समिति बनाई चाँडै शहिद स्तम्भको अधुरो रहेको निर्माण कार्य पुरा गर्ने विश्वासको साथ वहाँले आशा देखाउनु भयो ।

विभेदको लडाईमा संघर्षको लडाईमा सामाजिक न्यायको लागि लडेको लडाईमा शहादत दिएका शहिदहरुको सम्मानको लागि प्रदेश सरकारले देखाएका उदारतालाई स्मरण गर्ने अवस्थाको सिर्जना हुन्छ भने मधेश आन्दोलनका जनादेशबाट बनेका २ नम्बर प्रदेशका मधेशी दलहरुको सरकारले अझै मधेश आन्दोलनमा शहादत दिएकाहरुकोलागि स्मरणमा ठोस कार्यहरुको निर्माण गरी शहिदको सम्मान दिशातिर आफ्नो भूमिकालाई अझै फराकिलो बनाउनुपर्ने देखिन्छ भने अधिकार प्राप्तिको लडाईको लड्ने आन्दोलनकर्मीहरुको मनोवल उच्च राख्न यस्ता स्तम्भहरुको निमार्ण कार्यहरु अन्य जिल्ला अन्य ठाउँहरुमा सक्रियताका साथ निर्माण प्रक्रियाहरुलाई अगाडि बढाउनुपर्छ ।

विश्वको हरेक देशमा कुनै पनि परिवर्तनकोलागि लडने लडाईको योद्धाहरुको सम्मानको लागि शहिद स्तम्भ, शहिद भवन, शहिद स्मारक, शहिद गेट जस्ता शहिदहरुको सम्मानको लागि बनाउने गरेको अवस्थामा यहीनै शहिदहरुको सम्मानको आस्था केन्द्र रहन्छ ।

मधेश आन्दोलनमा शहिद भएका खास गरी मलेठ घटनामा शहादत भएका ६ जना शहिदहरुको अवस्था तथा वहाँहरुको पारिवारिक स्थिति लगायतका परिवेशहरुको हेर्ने दायित्व मधेशका मधेशी नेता मधेशमा प्रदेश २ सरकारका मन्त्री, मुख्यमन्त्री, संसद, स्थानीय जनप्रतिनिधिहरु लगायतहरुको ठुलो कर्तव्य रहेको देखिएको अवस्थामा आफ्नो कर्तव्यबाट विमुख हुनु शहिदहरु प्रतिको अपमानको आभाष हुनु हो भने प्रदेश सरकार तथा प्रदेशका मन्त्री दलका नेताहरु शहिद परिवारलाई जागिर दिने वचनबद्ध देखेएतापनि अहिलेसम्म स्थानीय निकाय तथा प्रदेश सरकारले त्यसप्रति सरकारमा पहिलाहरु चालेको छैन । हामीलाई हाम्रो अधिकारलाई सुनिश्चित गर्ने अधिकार प्राप्ति गर्ने मार्ग बनाउनेहरुले आफ्नो ज्यानको बाजी लगाई शहादत दिएकाहरुलाई यदि हामीले बिर्सिए भने मधेशको अधिकार प्राप्तिमा बाधक सिद्ध हुने हामीनै हुनेछ ।

तसर्थ मधेशको लागि मधेशी हकहितको लागि मधेश अधिकार सुनिश्चितको लागि दिएका शहादतको सम्मान स्वरुप उहाँहरुप्रति मधेशी जनता मधेशी नेता जनप्रतिनिधिहरुलाई सक्रियतापूर्वक उहाँहरुको सम्मानमा तदरुपता देखाउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ । मलेठ स्थित निर्माण भइरहेका शहिद स्तम्भ चाँडै निर्माण हुने आस्था र विश्वासको साथ स्तम्भ निर्माण भएपछि हामी त्यस स्तम्भलाई स्मरण गरी शहिदको स्मरण प्रतिको भावना गहिरो हुँदै जान्छ । त्यसैकारण शहिद स्तम्भको निर्माण कार्य सम्बन्धित निकायले तद्रुपताका साथ अगाडि बढाउनुपर्ने आजको सन्दर्भ रहेको देखिन्छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# राष्ट्रपति डोनाल्ड ट्रम्पले सावरमतिमा रहेको गान्धीको आश्रममा पुगेर चर्खा चलाए

काठमाडौं, १२ फागुन ।

संयुक्त राज्यका राष्ट्रपति डोनाल्ड ट्रम्प सोमबार औपचारिक दुई दिवसीय राज्य भ्रमणमा आइपुगेका छन् । भारत भ्रमण गर्ने सातौं अमेरिकी राष्ट्रपति ट्रम्प सोमबार दिउसो अहमदाबाद आईपुगेका हुन ।

अहम्वदावादको सावरमति मा रहेको गान्धिको आश्रममा पुगेर चंर्खा चलाएका छन् । उक्त चर्खा भारतिय पूर्व प्रधानमन्त्री तथा महात्मा गान्धिले भारतलाई विट्रिसको उपनिवेशबाट मुक्त गराउन चालेको आन्दोलन संग सम्वन्धीत रहेको छ ।




अहमदाबादमा राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदी मोटेरा स्टेडियममा 'नमस्ते ट्रम्प' शीर्षकको एक कार्यक्रममा १,००,००० भन्दा बढी व्यक्तिको विशाल सभालई सम्बोधन गरेका छन् ।

"नमस्ते, ट्रम्प" "हाउडी, मोदी" को कार्यक्रम तय भएको छ । उक्त कार्यक्रममा भारतको समृद्ध र विविध संस्कृतिको प्रदर्शन गरिने विदेश मन्त्रालयका प्रवक्ता रवीश कुमारले जानकारी दिएका छन् । प्रधानमन्त्री मोदी अमेरिकी राष्ट्रपतिलाई स्वागत गर्न एयरपोर्टमा उपस्थित पुगेका थिए । डोनाल्ड ट्रम्पसग पहिलो महिला( फस्ट लेडी) मेलानिया ट्रम्प र १२ राष्ट्रिय प्रतिनिधिमण्डल भारत आएको छ ।

जसमा अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार रोबर्ट ओब्रायन, वाणिज्य सचिव विल्बर रोस र ऊर्जा सचिव डान ब्रउलेट सहभागि रहेका छन् । अमेरिकी राष्ट्रपति र पहिलो महिलाले आग्रामा केहि वेरका लागि अवलोकन गर्ने भारतिय संचार माध्यमले जनाएका छन् । उहिहरुले ताजमहलको भ्रमण गर्ने कार्यक्रम समेत रहेको छ ।

मंगलबार बिहान अमेरिकी राष्ट्रपतिले प्रोटोकल अनुसार राष्ट्रपति भवनमा पहिलो पटक औपचारिक स्वागत गर्नेछन् । त्यहाबाट उनी महात्मा गान्धीको समाधिमा श्रद्धाञ्जलि दिन राजघाट जानेछन् । यसपछि दुवै राष्ट्रिय राजधानीको हैदराबाद हाउसमा ट्रम्प र मोदी बीच प्रतिनिधिमण्डल -स्तर वार्ता हुन कार्यक्रम रहेको छ । एबिसि न्युजबाट

# आत्मनिर्भरताको सवाल र राष्ट्रवादी सोच



उपेन्द्र झा

अहिले दुई तिहाई नजिक रहेको नेकपाको शक्तिशाली सरकार अपेक्षित रूपमा काम गर्न नसकेको, सतही रूपमा जेजति कारण देखाइए पनि मूल कारण भने राज्यसत्ता नै हो। नेपालका आन्दोलनहरूले राज्यसत्ताको बाध्य आवरण परिवर्तन गर्न सफल देखिए पनि यसको भौतिक स्वरूपमा तात्विक परिवर्तन गर्न सकेको छैन।

राणाको कब्जाबाट बाहिर आएको राज्यसत्ता, सानो क्षेत्रफल, मुलुकको गरिवी, भौगोलिक जटिलता आदि जेजति कारणले होस्, पराश्रित चरित्रलाई नै विकास गऱ्यो। सगरमाथाको देश भनेर संसारभरिबाट आउने आर्थिक सहयोगलाई नै मुख्य स्रोत बनाएर भ्रष्टाचार गर्ने नवागन्तुक सबै सरकारलाई यही बाटो देखायो। अर्थात् भ्रष्टाचार गर्ने राज्यसत्ताको मूल एजेण्डा नै बन्यो। वैदेशिक सहयोग र आफ्नो आयस्रोतलाई उत्पादनशीलतामा ईमान्दारीपूर्वक लगानी नगरी स्वार्थ पूर्तिमा खर्च भएबाट देशको उत्पादन क्षेत्र धराशायी बन्यो र देश क्रमिक रूपमा परनिर्भरताको दलदलमा धस्दै गयो।

केही वर्ष अघि ट्रान्सपेरेन्सी इन्टरनेशनलले पनि नेपाल सरकारका राजकीय सबै संयन्त्र भ्रष्टाचारमा लिप्त रहेको प्रतिवेदन नै प्रकाशित गरेको थियो। अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आर्थिक दुर्बलता सार्वजनिक भएपनि यो शासकवर्गका लागि आत्मग्लानीको कुरा नभएर विदेशी लगानी बढ्ने गौरवको महसुस गरेको छ। कुनै पनि विकास योजना संचालन नभई आर्थिक अनियमितता कसरी गर्ने भन्ने हेतुले योजना संचालनमा आएका छन्। यी योजनाहरू परिणामको मुख हेर्न नसकेको दशकौं बितेको छ।

राणाको कब्जाबाट मुक्त भएको राज्यसत्ता झण्डै ७० वर्षको पाको उमेर पाएको छ। तर पनि देशलाई आत्मनिर्भर बनाउने “राष्ट्रवादी भावना” ल्याउन सकेको छैन। यहाँ भएकोले ७० वर्षमा पनि नेपाल आत्म निर्भरको दिशामा एक पाइला अगाडि बढ्न सकेन। ४० वर्ष राजाको शासन ३० वर्ष नेपाली कांग्रेस र कम्युनिष्टको शासनलाई अलिकति पनि प्रशंसा गर्न देशको आर्थिक अवस्थाले दिँदैन।

उन्नती भनेको प्रगतिको सूचकांक गतिशील भई अगाडि बढ्नु हो। नेपाली कांग्रेस र कम्युनिष्ट सरकारहरूले ०४६ सालपछि केही सुधारका कार्यहरू गरेको देखाए पनि यसले विकासको गतिलाई अगाडि बढाउन नसकेको तथ्यांकले देखाउँछ। त्यो सरकारले केही गरेको कसरी ठहर्छ। आफ्नो प्रतिद्वन्दीलाई तह लगाउने भावनाबाट प्रेरित गरिएका केही कार्यलाई सुधार नभनी प्रतिशोध भन्न सकिन्छ। यस्ता कार्यले देशलाई फायदा भएकोमा यश भने त्यो सरकारले पाउने होइन।

देशलाई आमूल परिवर्तनको दिशामा अग्रसर गराउन जनादेश पाएको के.पी. ओली सरकारको ईमान्दारिता, निष्पक्षता र नैतिक पक्ष कमजोर देखिएका कारण जनतामा लोकप्रियता घट्न लागेको यथार्थलाई नकार्न सकिन्न। बालकृष्ण ढुंगेल र रेशम चौधरी प्रकरणमा सरकारको ईमान्दारिता मेटिएकोले यसको सफाईमा वर्गीय हित बाहेक भन्न अरू के छ। नेपाली जनता सार्वभौम अधिकार सम्पन्न भएको वकालत गर्ने सरकारले ३४ हजार मतले विजयी रेशम चौधरीप्रति आँखा किन चिम्लेको हो? ललिता निवास जग्गा प्रकरणमा राजकीय संयन्त्रका कर्मचारीहरूलाई अख्तियार दुरूपयोगको सजाय दिँदा माधव नेपाल, विष्णु पौडेल जस्ता राज्य संचालकलाई उन्मुक्ति दिनु ईमान्दारी र निष्पक्षताको हत्या नै भएको देखिन्छ।

ललिता निवास बालुवाटारको जग्गा प्रकरणको विस्तृत छानवीन गर्न पूर्व सचिव शारदा प्र. त्रितालको संयोजकत्वमा बनेको समितिले २०६६ चैत २९, २०६७ बैशाख ३१ र २०६७ असाढ २८ गते माधव नेपालको मन्त्रिपरिषद्को ३ वटा निर्णयले समितिले सम्बोधन गर्ने “भूमाफिया” शोभाकान्त ढकाल र रामकुमार सुवेदीलाई जग्गा अपचलन गर्न सहज बनाई दियो। त्यसकारण माधव नेपालको त्यो ३ वटा निर्णय वदनियतपूर्ण रहेको समितिले नै ठहर गरेको छ। घटनाक्रममा सक्रिय सहभागिता राखी भूमाफियालाई सहयोग गरेको र ८ आना जग्गा (बाटो नभएको) प्राप्त गरेपछि मंत्री परिषदबाट त्यो जग्गामा ८ मी. चौडा बाटो बनाउने निर्णय गराएको बिष्णु पौडेलमाथिको आरोपलाई प्रधानमन्त्री आफैले “धेरै जनामा किनबेच भएको जग्गा क.विष्णुले किन्नु भएको” भनी सफाई दिनुलाई पक्षपात नभनी अरू के भन्ने ?

३३ किलो सुन काण्ड, वाइड बडी प्रकरण, एन सेल प्रकरण जस्ता अरू पनि भ्रष्टाचारका ठूला घटनाहरू पर्दा पछाडि लुकेका छन्। जहाँ छोयो त्यही भ्रष्टचारमा लिप्त देखिन्छन् नेता तथा कर्मचारीहरू ! अर्थात राज्य संयन्त्रको एकमात्र काम भ्रष्टाचार गर्ने रहेको देखियो।

हुनत अवसरको फाइदा लिन केपी शर्मा ओली तिख्खर नेताको रूपमा चिनिन्छन्। विगतका केही दृश्य यहाँ उद्धृत गर्नु सान्दर्भिक होला। मधेशले संविधान घोषणाको विरूद्ध गरेको नाकाबन्दीलाई भारतको टाउकोमा राखेर (क) चीनसँग गहिरो सम्बन्ध स्थापित गऱ्यो, (ख) भारतीय प्रभावको खतरा देखाएर शासक वर्गीय राष्ट्रवादलाई संगठित गऱ्यो। चीनसँग दैनिक उपभोगका सामग्रीहरूको आयातदेखि लिएर पारवहन सम्झौता गर्न केपी शर्मा ओली सफल भयो।

चीनको असीमित सहयोगमा संविधान कार्यान्वयनको चुनौतीलाई सहजीकरण गर्दै स्थानीय तथा प्रतिनिधि सभा चुनावमा अप्रत्यशित विजय प्राप्त गऱ्यो। चुनावमा नेकपा (माओवादी) को आकार छोटिएको कारण ओलीले प्रचण्डसँग पार्टी एकीकरण गर्न सफल भयो। कालो संविधान भनेर आन्दोलन गर्ने उपेन्द्र यादवको संघीय समाजवादी फोरम र राजपा मध्ये बढि प्रगतिशील तथा ओली नजिक देखिएका उपेन्द्र यादवलाई आन्दोलनबाट निकालेर चुनावमा चमत्कारी ढंगले पठाएको सफलताको श्रेय ओलीलाई नै जान्छ। अन्ततोगत्वा आन्दोलनमा एक्लै रहेको राजपा चौतर्फी दबाव झेल्न नसकेर चुनावमा भाग लिए। यसरी कालो संविधान भन्नेलाई आन्दोलनबाट मूलधारमा ल्याउने के.पी. शर्मा ओलीको सुझबुझ, चाढ्यता प्रष्ट देखिन्छ।

यसरी सरकारका अगाडि साना तिना व्यवधान उत्पन्न गर्ने घटनाहरूमाथि आफ्नो मनोनुकूल विजय प्राप्त गर्दै जाँदा अहंकार बढ्न स्वाभाविक थियो। प्रधानमन्त्री के.पी. शर्मा ओली विकेन्द्रीत धेरै निकायलाई आफ्नो मातहतमा लिँदै जाँदा “संघीय लोकतान्त्रिक गणतन्त्र” पद्धतिमा शासकको निरंकूशता बढ्न लाग्दा भित्र र बाहिरका असन्तुष्ट पक्षहरू सक्रिय हुन थाल्यो। गुठी विधेयक ल्याउँदा नेवारहरूको विशाल आन्दोलन, सरकारद्वारा साजिशपूर्ण ढंगले टी.वी जर्नालिष्ट रवि लामिछाने प्रकरणको विशाल आन्दोलनले यो सरकारको निरंकूशतालाई उजागर गऱ्यो। ज्ञानेन्द्र शाही जस्ता साना तिना घटनाहरू विस्तारै यो सरकारको विरूद्ध संगठित हुन थाल्यो। सरकारको चारैतिरको विरोधले यसको लोकप्रियता क्षिण हुन थाल्यो। ज्ञानेन्द्र शाहले पनि आफ्नो सक्रियता बढायो। पछि नेकपा पार्टीभित्रै शीर्षस्थ नेताहरू ओलीका कट्टर आलोचक बन्दै गए।

दुई तिहाई नजिक रहेको शक्तिशाली सरकार विरूद्ध असन्तुष्ट पक्षको ध्रुवीकरण र आफ्ना सहकर्मीहरू समेतको असहयोगका कारण संकटमा परेको ओलीलाई “भारतको नक्शा प्रकरणले संजीवनी प्रदान गरि दियो। भारतले २०१९ नोभेम्बर ९ तारेखका दिन जम्मू, काश्मिर र पी.ओ.के. समेटेर नयाँ नक्शा प्रकाशित गऱ्यो। नेपाली भूमि भारतले हडपेको भनेर कथित राष्ट्रवादी शक्तिलाई सीमा विवादको नाममा प्रधानमन्त्री के.पी. शर्मा ओलीले उचालेर देशभरि हंगामा गराई सम्भावित आन्दोलनको खतरालाई गौण बनायो। सीमा विवादको मिथ्या प्रचार गराई प्रतिकूलको वातावरणलाई आफ्नो पक्षमा पार्न ओली सफल देखिएको छ।

चीनसँग अन्तरंग सम्बन्ध विकसित गरेर नेपाली राजनीतिमा ऐतिहासिक वर्चस्व कायम गरेका के.पी.शर्मा ओली एमसीसीले वैधानिकता पाएपछि चीनसँगको शक्ति सन्तुलन कसरी कायम राख्ने भन्ने प्रश्न प्रधानमन्त्री समक्ष टड्कारो रूपमा आउनेछ। हुनत खेमा परिवर्तन नेपाली नेताहरूको लागि कुनै नौलो कुरा होइन। राजनीतिमा शभु र मित्र कोही हुँदैन नेपाली नेता जस्ता बढि बुझ्ने कोही छैन। एमसीसी पास भएपछि नेपाली राजनीतिमा केही नौलोपन आउने जानकारहरू बताउँछन्। *(मधेश दर्पण फिचर सेवा)*

# सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिने

काठमाडौँ, १२ फागुन (रासस)। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्ने भएको छ।

महिला, विकास र कानून मञ्चले सोमबार यहाँ आयोजना गरेको सञ्चारकर्मीसँगको अन्तर्क्रिया कार्यक्रममा मन्त्रालयका महिला सशक्तिकरण महाशाखाप्रमुख मनमायाँ पङ्गेनीले कोष स्थापनाका लागि कार्यविधि बनाई सबै स्थानीय तहमा रु १० हजारका दरले सहयोग रकम पठाइएको जानकारी दिनुभयो।

कोष स्थापनापछि कुसंस्कार र कुरीतिका आधारमा चलिरहेको लैङ्गिक हिंसा नियन्त्रणका लागि सहयोग पुग्ने उहाँको विश्वास थियो। अछाममा मात्र पछिल्लो समय पाँच हजार ५०६ वटा छाउगोठ भत्काइएको मन्त्रालयले जनाएको छ। ६२० छाउगोठ घरधनीले नै भत्काए। बाँकी भने प्रहरी भत्काएको महाशाखाप्रमुख पङ्गेनीले सुनाउनुभयो।

कार्यक्रममा मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठ, भिएसओका शिखा श्रेष्ठ लगायतले सामाजिक मूल्य मान्यताका रूपमा स्थापित लैङ्गिक हिंसा निवारणका सबै स्थानीय तहमा गठन भएका कोषलाई सञ्चार क्षेत्रले पनि सहयोग गर्नुपर्नेमा जोड दिनुभएको थियो।

## विश्व समाचार

### अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प भारतमा

अहमदाबाद, भारत, १२ फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प दुईदिने औपचारिक भ्रमणको क्रममा सोमबार भारत आइपुग्नु भएको छ।

राष्ट्रपति ट्रम्पलाई भारतीय संस्कृति झल्कने विभिन्न झाँकीका साथ भव्य स्वागत गरिएको छ। ट्रम्प सवारी हुने सडकका दायाँबायाँ ठूलो सङ्ख्यामा मानिसहरू ट्रम्पलाई स्वागत गर्न भेला भएका छन्। राष्ट्रपति ट्रम्पलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अहमदाबाद विमानस्थलमा स्वागत गर्नुभएको थियो।

मोदीको गृहराज्य गुजरातमा निर्माण भएको विश्वकै सबैभन्दा ठूलो क्रिकेट रङ्गशालामा आयोजना हुने विशाल सभालाई राष्ट्रपति ट्रम्प र प्रधानमन्त्री नरेन्द्र मोदीले सम्बोधन गर्नु हुनेछ। यहाँ करिब १ लाख व्यक्ति सहभागी हुने अनुमान गरिएको छ।

भ्रमणमा राष्ट्रपतिका साथ उहाँकी पत्नी मेलानीया ट्रम्पसमेत अन्य विशिष्ट व्यक्तिहरू सहभागी रहनु भएको छ।

विमानस्थलबाट राष्ट्रपति ट्रम्प र उहाँकी पत्नी मेलानीया ट्रम्प साबरमती आश्रम (गान्धी आश्रम) मा जानु भएको छ। त्यसपछि उहाँहरू क्रिकेट रङ्गशालामा आयोजना हुने कार्यक्रममा सहभागी हुनुभयो। सोमबारै राष्ट्रपति ट्रम्प ताजमहलको अवलोकन गर्न आगरा पुग्नुभएको छ। उहाँ मंगलबार स्वदेश फिर्ता हुने कार्यक्रम रहेको छ।

### चीनमा मृत्यु हुनेको संख्या २ हजार ५ सय ९२

चीन, १२ फागुन (रासस/एपी)।

कोरोना भाइरसको सङ्क्रमणबाट चीनभरी मृत्यु हुने व्यक्तिको सङ्ख्या दुई हजार ५९२ पुगेको चिनियाँ स्वास्थ्य अधिकारीहरूले सोमबार जनाएका छन्।

गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान सहरबाट शुरु भएको यस भाइरसका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या वृद्धि भए तापनि सङ्क्रमितको सङ्ख्यामा भने कमी आएको चिनियाँ सरकारले जनाउँदै आएको छ। तर गत चार दिनदेखि यस रोगबाट ज्यान गुमाउने व्यक्तिको सङ्ख्या लगातार करिब १०० रहेको जनाइएको छ। पछिल्लो चार दिनदेखि ज्यान गुमाएका यी व्यक्तिहरू सबै हुबेइ प्रान्तका रहेका छन्।

भाइरसको शुरुआत भएको प्रमुख स्थानका रूपमा रहेको हुबेई प्रान्तमा यस भाइरसबाट बढी नागरिक प्रभावित छन्। यस भाइरसबाट ८० प्रतिशत सङ्क्रमित र मृत्यु हुने व्यक्तिमा ९५ प्रतिशत हुबेइ प्रान्तको रहेका छन्।

दक्षिण कोरियाली राष्ट्रपति मुन जाय-इनले कोरोना भाइरस नियन्त्रणका लागि देशभरी सबैभन्दा उच्च सतर्कता अपनाइएको बताउनुभएको छ।

सङ्क्रमित हुनेको सङ्ख्या एकाएक अत्यधिक तीव्र गतिमा बढ्न थालेपछि सतर्कता बढाइएको उहाँले आइतबार जानकारी दिनुभएको थियो।

आगामी केही दिन सङ्क्रमणकालीन अवस्था रहने भएकाले नियन्त्रण तथा उपचारमा पर्याप्त ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

राष्ट्रपति मुनले भाइरस नियन्त्रणका लागि अपनाउनुपर्ने उपायका बारेमा छलफल तथा तयारी भइरहेको पनि जानकारी दिनुभयो।

“सरकारले भाइरस नियन्त्रणका लागि पर्याप्त गृहकार्य र सतर्कता अपनाएको छ, ती सबै काम विज्ञको सुझावका आधारमा गरिएको छ” उहाँले भन्नुभयो।

**दक्षिण कोरियाका कोरोनाबाट सातको मृत्यु**

दक्षिण कोरियामा प्राणघातक कोरोना भाइरसको प्रकोपलाई रोक्न राष्ट्रपतिले ‘अभूतपूर्व, शक्तिशाली’ कदमहरूका लागि आह्वान गर्नुभएको छ। तर पनि यस भाइरसबाट सङ्क्रमितको सङ्ख्या बढेको सोमबार प्राप्त समाचारमा जनाइएको छ।

केहीदिनदेखि सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएकोमा दक्षिण कोरियामा आइतबार थप १६१ जनामा सङ्क्रमण देखिएको छ। दक्षिण कोरियामा कुल सङ्क्रमितको सङ्ख्या ७६३ पुगेको सोमबार जनाइएको छ।

त्यसैबीच कोरोना भाइरसबाट थप दुई जनाको मृत्यु भएपछि यस प्रकोपबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या सात पुगेको अधिकारीहरूले जानकारी दिएका छन्।

**इरानमा १२ जनाको मृत्यु**

इरानमा फैलिएको कोरोना भाइरसका कारण सोमबारसम्ममा मृत्यु हुने व्यक्तिको सङ्ख्या १२ पुगेको संसदका एक प्रवक्ताले बताएका छन्।

संसदको बन्द सत्रमा सरकारी अधिकारी असादुल्लाह अब्बासीको भनाइ उद्धृत गर्दै अर्ध सरकारी समाचार संस्था इस्नाले भाइरसको सङ्क्रमण ४७ जनामा देखिएको जनाएको छ।

**अफगानिस्तान, बहराइन र कुवेतमा पनि सङ्क्रमण**

एएफपीका अनुसार अफगानिस्तान, बहराइन र कुवेतमा पनि कोरोना सङ्क्रमित व्यक्ति फेला परेको छ। कुवेतमा फेला परेका सङ्क्रमित तीन व्यक्ति इरानबाट आएको स्थानीय स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

**इटालीमा चारको मृत्यु**

इटालीमा नयाँ कोरोना भाइरसको सङ्क्रमणबाट सोमबारसम्ममा चार जनाको मृत्यु भएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। उत्तरी लोम्बार्डी क्षेत्रमा पछिल्लो पटक एक जना ८४ वर्षका वृद्धको कोरोनाकै सङ्क्रमणबाट मृत्यु भएको हो।

इटालीको लोम्बार्डीमै यसअघि अरू तीन जनाको कोरोना सङ्क्रमणबाट ज्यान गएको थियो। यहाँ इटाली सरकारले पूरै गाउँ बस्तीलाई अलग्याएको छ र सुरक्षा व्यवस्था कडा बनाएको छ।

# कोईलाडी र मन्सापुर बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार सम्पन्न खेलहरुमा कोईलाडी र मंसापुर बिजय भएका छन ।

सप्तरी क्रिकेट संघ संघको सहकार्यमा तथा तिलाठी कोईलाडी गाउपालिकाको आयोजनामा संचालित क्रिकेट प्रतियोगिताको पहिलो खेलमा कोईलाडीले लौनियालाई ३८ रनले तथा मंसापुरले को. मधेपुरालाई ३ बिकेटले पराजित गरेको हो ।

पहिलो खेलमा टस जितेर लौनियाले कोईलाडीलाई ब्याटिङ गर्दै १७ ओभरमा २ बिकेट गुमाई १ सय २७ रनको योगफल खडा गरेको थियो । जसमा प्रमेश्वर ५२ रन तथा गुडु २७ रन जोडेका थिए। यता बलिङतर्फ लौनियाका सुरेश कुमार रामले १ बिकेट हात पारेका थिए।

जवाफमा लौनियाँले निर्धारित १७ ओभर खेल्दै ९ बिकेट गुमाएर ८९ रन मै सिमित भयो । टिमका लागी शिवसुन्दर मण्डल २६, मिधलेश मण्डलले १५ रन बनाएका थिए । यस्तै बलिङतर्फ कोईलाडीका गुडुले ४ बिकेट, सरोज २ तथा रोहित सिँह, रोबिन सिँह, जुगनुले १/१ बिकेट हात पारेका थिए। खेलको म्यान अफ द म्याच गुडु घोषित भएका थिए ।

यसैगरी सोमबारै सम्पन्न दोस्रो खेलमा को. बरसाईनले १९ ओवर ५ बल खेलेर १ सय ७ रनको योगफल खडा गरेको थियो । जसमा राहुल सानी २२ राजेश दास १९ दिपेश सरदार १५ रन बनाएका थिए । बलिङतर्फ मन्सापुरका महेश मण्डलले ४ ओभरमा १९ रन दिएर ५ बिकेट हात पारेका थिए भने अजय मरिक ३, देवकि नन्दन २ बिकेट हात पारेका थिए ।

जवाफमा मंसापुरले १४ ओभर २ बलमा ७ बिकेट गुमाई बिजयी हासिल गरेका थिए । जसमा धिरज मण्डल अविजित ३८ सुबोध मण्डलले १८ रन बनाए पछि जितका लागि सहज बनेको थियो । बलिङतर्फ मन्सापुरका दिपेश सरदार, सुभाष शर्माले २ तथा विशाल शर्माले १ बिकेट हात पारेका थिए। खेलको म्यान अफ द म्याच महेश मण्डल घोषित भएको आयोजक समितिका संतोषचन्द्र सिंहले दिए।

# कालापानीसहितको नक्सा पढाउन शिक्षामन्त्रीको आग्रह

काठमाडौँ, १२ फागुन (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले नेपालको नक्सामा कालापानी, लिपुलेकसहित भूमि समावेश गरिएको पाठ्यक्रम अनिवार्य लागू गर्ने व्यवस्था गर्न लागिएको बताउनुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) नेपालको १३औँ साधारणसभाको सोमबार यहाँ उद्घाटन गर्दै उहाँले नेपालको नक्सालाई पूर्णरूपमा समावेश गरिएको पाठ्यक्रम लागू गर्न शिक्षा क्षेत्रका संस्थाहरूले पनि भूमिका खेल्नुपर्नेमा जोड दिनुभयो ।

छिमेकी भारतले नेपाली भूमि कालापानी क्षेत्रलाई आफ्नो नक्सामा समावेश गरेपछि नेपालले कूटनीतिक पहलबाट समस्याको समाधान गर्न पहल गरिरहेका बेला शिक्षामन्त्रीले विद्यालयको पठनपाठनमा पनि सही नक्साको प्रयोग गर्न आग्रह गर्नुभएको हो ।

उहाँले बालबालिकको न्यूनतम गुणस्तरीय सिकाइ सुनिश्चित गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणालाई अगाडि बढाउनुपर्नेमा जोड दिँदै विद्यालयहरू एकापसमा गाभेर गुणस्तरमा ध्यान दिन आग्रह गर्नुभयो । मन्त्री पोखरेलले भन्नुभयो, "निजी विद्यालयले अभिभावक र विद्यार्थीको विश्वास जितेको छ तर नाफामुखी नभई लोककल्याणकारी ढङ्गले चल्नुर्छ । समाजवादउन्मुख संविधानको भावनाबमोजिम सामुदायिक विद्यालयलाई गुणस्तर वृद्धिमा लाग्नुपर्छ ।"

उहाँले राष्ट्रिय शिक्षा नीति, २०७६ मा आधारित रही विद्यालय शिक्षा, प्राविधिक शिक्षा र उच्चशिक्षाको छाता ऐनको तयारी भएकाले त्यसको निर्माणका क्रममा सरोकार भएकाहरूसँग निरन्तर छलफल गरिने विश्वास दिलाउनुभयो ।

नेपाल अभिभावक महासङ्घका अध्यक्ष धर्मदत्त देवकोटाले निजी विद्यालयको अस्तित्वलाई अस्विकार गर्न नसकिने भए पनि अभिभावकसँग बढी शुल्क र शिक्षकलाई कम तलब दिने प्रवृत्ति अन्त्य गर्न माग गर्नुभयो ।

प्याब्सनका अध्यक्ष टीकाराम पुरीले सरकारले आफूहरूलाई पूर्वाग्रह गरेको गुनासो गर्नुभयो । सभामा शिक्षा मन्त्रालयका सचिव महेशप्रसाद दाहाललगायतले साधारणसभा सफलताको कामना गर्नुभएको थियो ।

# फोहर उठाउन कार्य सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १२ फागुन ।**

सप्तरीको बोदेबसाईन नगरपालिका ५ जाजरमा हालै सम्पन्न मुस्लिम समुदायको तीनदिने धार्मिक महासभा इज्तिमापछि फोहर र दुर्गन्धित बनेको सो स्थानमा सरसफाइका साथै फोहर उठाउन कार्य सुरु भएको छ ।

नगरपालिकाको संयोजनमा इज्तिमा आयोजक समिति जाँजर, सेना, प्रहरी, सशस्त्र प्रहरी, राजविराज जेसीज, सप्तरी युथ नेपाल, ग्रिन नेपाल, सबल नेपाल, विवेकशिल नेपाल, नयाँ समाज विकास प्रतिष्ठान, छिन्नमस्ता विकास केन्द्र, समग्र जनउत्थान केन्द्र लगायतका संघसंस्थाले सरसफाइ शुरु गरेका हुन् ।

फागुन ३, ४ र ५ गते सम्म आयोजित इज्तिमामा नेपाल भारतका डेढ लाख बढी मुस्लिम समुदायको सहभागिता थियो । आयोजकले दुई हजार २०० शौचालय निर्माण गरे पनि सहभागी सङ्ख्या एक लाख बढी भएकाले आसपासका क्षेत्रमा खाना खाएका प्लेट, प्लाष्टिकका बोतल, गिलास र दिसाको थुप्रोले भरिएको छ ।

सो स्थानमा अहिले औषधि छर्कने, खाना र शौचालय पुर्ने तथा फोहर संकलन गरी आगोले नष्ट गर्ने कार्य भइरहेको छ ।

## पेन्सन पट्टा हराएको सूचना

सप्तरीको छिन्नमस्तादेखी राजविराजसम्म आउँदै गरेको अवस्थामा २०७६ साल माघ ३ गते मेरो निम्न ब्यहोराको पेन्सज पट्टा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।

**नाम : वैरसा खंग खत्वे**
**ठेगाना : कोचाबखारी ५ (हाल छिन्नमस्ता-५, लोखरम), सप्तरी**
**पेन्सन पट्टा नं. : ११२५२३**


**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**





बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09









**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु**

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*